इशा। जोहर र अस्र दिनमा पढिने नमाज हुन् मगरिब र ईशा रात्रीमा पढिने नमाज हुन् तथा फज्र बिहानको नमाज हो।

**नमाजका रकअतहरुको संख्याः**

1- फज्रको नमाज़ः- पहिला दुई रकअत सुन्नतहरु फेरि दुई रकअत फर्ज।

2- जोहर को नमाज़ः पहिला चार सुन्नतहरु फेरि चार फर्ज तथा फेरी दुई सुन्नतहरु

3- अस्रको नमाज़ः- चार फर्ज।

4- मगरिबको नमाज़ः- तीन फर्ज तथा दुई सुन्नतहरु।

5- इशाको नमाजः- चार फर्ज, दुई सुन्नतहरु तथा एक वा तीन रकअत वित्र।

दिन तथा रात्रिमा फर्ज़ नमाजहरुमा रकअतहरुको संख्या सत्रह तथा सुन्नत नमाजहरुको रकअतहरुको संख्या बारह र वित्र एक वा तीन रकअत छन्।

**वजूको तरीकाः**

बिना वजूको नमाज हुँदैन (मु.श.)। वजू बिस्मिल्लाह भनेर शुरूगर्नु आवश्यक छ। बिस्मिल्लाह भनेर दुई हातलाई

**यी कारणहरुले वजू भंग हुन्छः**

1- गहिरो नीद्रमा सुतनाले। (अबूदाऊद)
2- तल तिरबाट हावा फुस्क्यो भने। (त्रिमिजी, अबू दाऊद)
3- नशा वा बेहोशीबाट। (त्रिमिजी, अबू दाऊद)
4- नापाकी (अपवित्रता) ले। (त्रिमिजी , अबूदाऊद)
5- दिशा-पिशाब गर्नाले। (बुखारी, मुस्लिम)
6- स्त्री स्पर्श गर्नाले (सूरह निसा-४३) ( स्त्रीलाई स्पर्श गर्नाले वजू भंग हुदैन, बरू रसूल सल्लल्लाहु अलैही वसल्लमले आफ्नो स्वास्नीहरूलाई स्पर्श गरी नमाज पढनु भएछ । र सूरह निसाको उपरोक्त अयतको अर्थ हो सहवास गर्नु नकि स्पर्श गर्नु । हेर्नुस् तफ्सीर इब्ने कसीर । (संशोधक))
7- लगातार रगत बग्नाले। (बुखारी)

**मोजामाथि मसहः**

स्थायी रूपले बस्ने मान्छेले एक दिन र रात्री, एवं यात्री तीन दिन र रात्री सम्म मोजामाथि मसह गर्न सक्छ। (मुस्लिम)

मसहको तरीका यो हो कि दुईटै हातहरुको पाँचौं औंलाहरुलाई पानीले भिजाएर दुईटै खुट्टाको पंजाबाट शुरु गरेर गोलीगांठको

## इकामत (तकबीर) को उत्तरः

अजान जस्तै इकामत (तकबीर) को पनि उत्तर दिनु पर्छ। मात्र कदकामतिस्सलातको उत्तरमा कदकामतिस्सलात नै भन्नु पर्छ।

## अजान पछिको दुआः

रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लमको भनाई छ कि जब अजान दिने व्यक्ति (मोअज्जिन) को आवाज सुन्नुस् भने जसरी त्यो भन्छ त्यस्तै भन्नुस् अनि अजान समाप्त भए पश्चात म माथि दरूद (शान्ति प्रार्थना) पठाऊ, जुन व्यक्तिले म माथि एक पटक दरुद पठाउँछ ईश्वर उसमाथि दस पटक पठाउने छ। (मुस्लिम)

## दरुद शरीफः

अल्लाहुम्मा सल्ले अला मोहम्मदिंव व अला आले मोहम्मदिन् कमा सल्लैता अला इब्राहीम, व अला आले इब्राहीम, इन्नका हमीदुम्मजीद।
अल्लाहुम्मा बारिक अला मोहम्मदिंव व अला आले मोहम्मदिंन् कमा बारकत अला इब्राहीम, व अला आले इब्राहीम, इन्नका हमीदुम्मजीद।

**सूराः अल-इखलासः**

﴿ قُلۡ هُوَ ٱللَّهُ أَحَدٌ ۝١ ٱللَّهُ ٱلصَّمَدُ ۝٢ لَمۡ يَلِدۡ وَلَمۡ يُولَدۡ ۝٣ وَلَمۡ يَكُن لَّهُۥ كُفُوًا أَحَدُۢ ۝٤ ﴾ [الاخلاص: ١، ٥]

**अनुवादः भन, त्यो अल्लाह एउटै छ। अल्लाह परिपूर्ण निस्पृह छ। नत उसबाट कोही जन्मेको छ नत ऊ कसैबाट जन्मेको छ। तथा उसको तुल्य कोहि पनि छैन।**

**रुकूअको वर्णनः**

**मुस्लिमको धर्मग्रन्थ (कुर्आनको) सूरह वा आयत पढी सके पछि रुकूअ (निहुरिनु) पर्छ। रुकूअमा निम्नलिखित कुराहरुलाई ध्यानमा राखनु पर्छ।**

**रुकूअ गर्ने बेलामा अल्लाहु अक्बर भनेर दुवै हातलाई काँधसम्म उठाउनुस्। यसलाई रफएयदैन भनिन्छ। (मिश्कात)**

**रुकूअमा पिठयूँ एकदमै सोझो हुनु पर्छ तथा टाउको त्यो भन्दा तल वा माथि न होस् एवं दुवै हातको  हत्केलालाई घुँडामाथि फैलाएर राखनुस्। (बुखारी व मुस्लिम)**

यदि बच्चाको जनाजा हो भने तेस्रो तकबीरपछि (अल्लाहुम्मगफिर लिहय्यिना व मइय्यतिना) पढेर यो वढनुपर्छः
अल्लाहुम्मजअलहू लना सलफौ वफरतौ व जुखरा) (बुखारी)

अर्थः- हे अल्लाह! यसलाई मेरो लागि (पेशरौ) (अगुवा) तथा पहिलेदेखि तयारी गर्ने एवं सवाब (पुण्य) को माध्यम बनाई देऊ।

पुरुषको जनाजा हो भने इमामलाई मृतकको टाउको निर खडा हुनु पर्छ। यदि महिलाको जनाजा हो भने इमामलाई जनाजाको मध्य भागको नजीक खडा हुनु पर्छ। (अबू दाऊद)

विषयहरु

१.दुईशब्द
२.इस्लामका स्तम्भहरु
३.सलाह (नमाज) हरु
४.नमाजका रकअतहरुको संख्या
५.वजूको तरीका
६.वजूपछिको दुआ
७.वजू भंग हुने कारणहरु

